**Prithvi Journal of Research and Innovation**
[A Peer-Reviewed, Open Access Multidisciplinary Bilingual Journal; Indexed in NepJOL]
ISSN 2705-4888 [Print]; ISSN 2705-4896 [Online]; JPPS Star-Rated Journal
Volume 6; 15 December 2024; pp. 87-95
eJournal Site: http://ejournals.pncampus.edu.np/ejournals/pjri/

# सिद्धिचरण श्रेष्ठको *उर्वशी* खण्डकाव्यमा उर्वशी पात्रको जीवभावीय स्वरूप [Urvashi Character's Worldly Desires in Siddhicharan Shrestha's Epic *Urvashi*]

**[1]बोधराज ढकाल, पिएचडी [Bodha Raj Dhakal, PhD], [2]ईश्वर घिमिरे [Ishwor Ghimire], [3]ज्ञानेश्वर सुबेदी [Gyaneshwor Subedi]**
[1]नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, नेपाल
[Department of Nepali, Prithvi Narayan Campus, Pokhara, Nepal]
[2,3]नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, नेपाल
[Department of Nepali Education, Prithvi Narayan Campus, Pokhara, Nepal]

**Article History:**
*Submitted 27 September 2024*
*Reviewed 21 October 2024*
*Revised 25 October 2024*
*Accepted 12 December 2024*

**Corresponding Author:**
*Bodha Raj Dhakal*
*Email: bodharajdhakal026@gmail.com*

**Article DOI**:
*https://doi.org/10.3126/pjri.v6i1.72860*

**Copyright Information:**
*Copyright 2024 © Authors of this journal; With authors' permission, the copyright is transferred to the publisher for the first edition only. This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International License.*

**Publisher:**
*Centre for Research and Innovation*
*Prithvi Narayan Campus*
*Tribhuvan University, Pokhara, Nepal*
*[Accredited by UGC, Nepal]*

*Tel.: +977-61-576837*
*Email: research@pncampus.edu.np*
*URL: www.pncampus.edu.np*

**सार [ABSTRACT]**
*उर्वशी* खण्डकाव्यमा उर्वशी पात्रको जीवभावीय स्वरूपको विश्लेषण गर्ने उद्देश्यले यस अनुसन्धानात्मक लेख तयार गरिएको हो । यस लेखको अध्ययनको प्रमुख क्षेत्रका रूपमा सिद्धिचरण श्रेष्ठको *उर्वशी* खण्डकाव्य रहेको छ । यस अध्ययनको समस्याका रूपमा *उर्वशी* खण्डकाव्यमा उर्वशी पात्रको जीवभावीय स्वरूपलाई लिइएको छ । *उर्वशी* खण्डकाव्यमा उर्वशी पात्रको जीवभावीय स्वरूप कस्तो रहेको छ यस जिज्ञासालाई यस अध्ययनमा निरूपण गरिएको छ । व्यक्तिमा जीवभाव प्रबल हुँदा उसले सांसारिक जीवनलाई नै शाश्वत मान्दै सांसारिक विषयभोग र देहेन्द्रिय सुखका निम्ति जस्तोसुकै कृत्य गर्न पनि पछि पर्दैन भन्ने योग र वेदान्त दर्शनका मान्यतालाई यस अध्ययनको विश्लेषणका लागि सैद्धान्तिक आधार बनाइएको छ । गुणात्मक अनुसन्धान ढाँचाको यस लेखमा व्यक्तिमा जीवभाव प्रबल भएपछि ऊ दैहिक सुखप्रति आसक्त हुन्छ भन्ने विषयलाई तत्वमीमांसाका रूपमा लिइएको छ । यस विषयलाई खण्डकाव्यमा प्रस्तुत काव्यांशलाई दृष्टान्त दिएर उर्वशीका क्रियाकलापमार्फत पुष्टि गरिएको छ । यिनै क्रियाकलापहरूको व्याख्यापरक विधिमार्फत विश्लेषण गरी ज्ञान निर्माण गरिएको छ । उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरी प्राथमिक र द्वितीयक स्रोतका सामग्रीबाट प्राप्त तथ्य एवम् प्रमाणका आधारमा उर्वशीमा रहेको जीवभावीय स्वरूपको विश्लेषण गरिएको छ । खण्डकाव्यकी प्रमुख पात्र उर्वशीमा जीवभाव प्रबल रहेको र चित्तवृत्ति एवम् अविद्यात्मक चेतका कारण

विषयवासना र दैहिक सुखभोगका निम्ति उनले अर्जुनका सामु अनेक रागात्मक कृत्य देखाएकी हुन् भन्ने निष्कर्ष यस अनुसन्धनात्मक लेखको रहेको छ । [This paper is prepared to analyze the worldly desires of Urvashi character in Siddhicharan Shrestha's epic *Urvashi*. In the paper, the main issue of the epic is Urvashi's worldly desires that include the physical and bodily pleasures. The study has attempted to answer the question of the character of Urvashi regarding her development of wordly desires. As claimed by Yog and Vedanta philosophy, a person is ready to take any action when there is the prevalence of materialistic appetite and sexual longing in him or her that regards the worldly materials as reality. In this sense, the study is regarded as the metaphysics of life. Employing qualitative research design, the paper has considered the worldly desires as physical pleasures, which add knowledge to this area of study, using the interpretative phenomenological analysis. To address the issue of worldly desires in the text, the study has used purposive sampling method to collect data both through the primary and secondary sources of information. The paper concludes that Urvashi, the protagonist of the epic, has the prevalence of worldly desires and has shown her sensuality in front of Arjun for her material and physical satisfaction, which is the result of her instinctual and unconscious mind.]

**शब्दकुन्जी** : जीवभाव, चित्तवृत्ति, देहेन्द्रिय, दैहिक सुखभोग

[**KEYWORDS**: Bodily desire, meditation, sensuality, physical appetite]

**विषय परिचय**

आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धारामा उदाएका कवि सिद्धिचरण श्रेष्ठ (वि.सं. १९६९-२०४९) हुन् । नेपाली साहित्यका कविता, कथा, नाटक र निबन्ध आदि विधामा कलम चलाएका श्रेष्ठ बहुमुखी साहित्यकार हुन् । विभिन्न विधामा कलम चलाए पनि श्रेष्ठ मूलतः नेपाली साहित्यमा कविका रूपमा नै सुपरिचित छन् । प्रकाशित र अप्रकाशित गरी श्रेष्ठका पन्ध्रवटा खण्डकाव्यहरूमध्ये *उर्वशी* खण्डकाव्य जेलमा बसेर लेखिएको पौराणिक विषयमा आधारित कृति हो । संस्कृत भाषामा लेखिएको आर्ष महाकाव्य *महाभारत*को वन पर्वमा प्रस्तुत उर्वशी र अर्जुनका विषयको आख्यान शृङ्खलालाई मौलिकतासहित यस खण्डकाव्यमा प्रस्तुत गरिएको छ । यस अनुसन्धानात्मक लेखमा *उर्वशी* (२०१७) खण्डकाव्यमा उर्वशी पात्रको जीवभावीय स्वरूपको विश्लेषण गरिएको छ । विशेष गरी यस खण्डकाव्यकी प्रमुख पात्र उर्वशीमा प्रस्तुत जीवभावीय स्वरूपलाई विस्तृत रूपमा विश्लेषण गरिएको छ । युगकविका रूपमा सम्मानित श्रेष्ठका खण्डकाव्यहरूमा विषयगत, भावगत, रसगत, पात्रगत एवम् परिवेशगत विविधता प्रकट भएको पाइन्छ । योग र वेदान्त दर्शनका मूलभूत मान्यताहरूमध्ये जीवभावसँग सम्बन्धित मान्यतालाई विश्लेषणीय विषय बनाएर यस लेखमा खण्डकाव्यमा प्रस्तुत काव्यांशहरूलाई दृष्टान्त दिएर विश्लेषण गरिएको छ ।

अर्जुन र उर्वशी *उर्वशी* खण्डकाव्यका प्रमुख पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये उर्वशीमा जीवभाव उच्च रहेको छ र यसले उनमा विशेष प्रभाव पारेको देखिन्छ । पौरस्त्य दर्शन परम्परामा योग र वेदान्त दर्शनले अगाडि सारेका तत्वज्ञानसँग सम्बन्धित चिन्तनहरूमध्ये जीवभाव पनि एक रहेको छ । जीवमा जीवभाव के कारणले उत्पन्न हुन्छ भन्ने सम्बन्धमा विस्तृत चिन्तन भएको पाइन्छ । उर्वशीमा जुन जीवभाव प्रबल रूपमा देखिएको छ र उनले जेजस्ता कृत्यहरू प्रस्तुत गरेकी छिन् त्यसलाई यस लेखमा योग र वेदान्त दर्शनले अँगालेका मान्यताका सापेक्षतामा जीवभावको स्वरूपको विश्लेषण गरिएको छ । अष्टाङ्गमार्ग र वेदान्त दर्शनका अद्वैत चिन्तनको जीवसँग सम्बन्धित स्थापित तत्वचिन्तनका सापेक्षतामा रहेर अहिलेसम्म यस खण्डकाव्यको प्राज्ञिक रूपले विमर्श भएको पाइँदैन । यस अनुसन्धनात्मक लेखमा यही प्राज्ञिक रिक्ततालाई परिपूर्ति गर्ने उद्देश्य राखिएको छ । यस लेखको उद्देश्य *उर्वशी* खण्डकाव्यमा उर्वशी पात्रको जीवभावीय स्वरूप कस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासालाई समाधान गर्नु रहेको छ ।

*उर्वशी* खण्डकाव्यकी प्रमुख पात्र उर्वशीमा रहेको देहकेन्द्री आसक्ति र यी पात्रमा रहेको जीवभावीय स्वरूपलाई यस लेखमा अध्ययनको विषय बनाइएको छ । यस खण्डकाव्यमा उर्वशीमा जीवभावले गर्दा अर्जुनलाई प्राप्त गर्न गरेका यावत कृत्यहरूलाई जीवभावीय पात्रको स्वरूपका रूपमा चित्रण गरिएको छ र यिनैलाई सूचकका रूपमा विश्लेषणका लागि उपयोग गरिएको छ । उर्वशीमा जीवभाव प्रबल भएर नै उनी देहेन्द्रिय सुखका निम्ति अर्जुनमा समर्पित भएकी छिन् । यो समर्पण भोगवादी मोहभावमा केन्द्रित छ । अविद्याले गर्दा उर्वशीमा जीवभाव प्रबल भएर रहेको र विषयभोगका निम्ति आफूलाई सम्पूर्ण रूपमा अर्जुनमा समर्पित गराउन देखाएका कृत्यहरूको स्वरूपलाई विश्लेषण गर्नु यस अध्ययनको क्षेत्र हो । यस खण्डकाव्यलाई योग र वेदान्त दर्शनका जीवभावभन्दा बाहेकका अन्य मान्यताहरू र उर्वशी खण्डकाव्यकी प्रमुख पात्र उर्वशी बाहेकका अन्यको विश्लेषण नगर्नु यस अध्ययनको सीमा हो । यस लेखमा गुणात्मक अध्ययन पद्धति र व्याख्यापरक विधिको प्रयोग गरी तथ्यहरूको विश्लेषण गरिएको छ । जीवभावका कारण उर्वशीमा देखिएको व्यवहार र त्यसको स्वरूपसँग सम्बद्ध सूचकलाई आधार बनाएर गरिएको यो अध्ययन आफैमा मौलिक र नवीन रहेको छ । त्यसैले ज्ञानका दृष्टि पनि महत्वपूर्ण रहेको हुनाले यस अध्ययन औचित्यपूर्ण रहेको देखिन्छ ।

**अध्ययनविधि**

यस अध्ययनमा उर्वशीमा जीवभाव प्रबल भएका कारण उनी दैहिक सुखभोगमा आसक्त बनेकी भन्ने विषयलाई तत्वमीमांसाका रूपमा लिइएको छ । यसै गरी यस लेखमा यही दैहिक सुखभोगका लागि अर्जुनको शयनकक्षमा गएर गरेका अनेकन कृत्यहरूको अध्ययन गरेर प्राप्त तथ्यहरूका आधारमा व्याख्यापरक विधिका माध्यमबाट ज्ञाननिर्माण गरिएको छ । यस अध्ययनका लागि सिद्धिचरण श्रेष्ठको *उर्वशी* खण्डकाव्यलाई उद्देश्यमूलक नमुना छनौट विधिमार्फत चयन गरिएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा *उर्वशी* खण्डकाव्यलाई लिइएको छ । द्वितीयक स्रोतका सामग्रीका रूपमा यस खण्डकाव्यसँग सम्बन्धित पूर्वकार्यहरू र यस काव्यको विश्लेषणका लागि आधार मानिएको सैद्धान्तिक विषयसँग सम्बद्ध सामग्रीहरू रहेका छन् । यिनै सामग्रीहरूका माध्यमबाट प्राप्त तथ्यका आधारमा यस अध्ययनमा प्रस्तुत समस्याको समाधान गरिएको छ । यस अध्ययनमा प्रयोग भएका सबै सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका छन् ।

**सैद्धान्तिक आधार**

*उर्वशी* खण्डकाव्यमा जीवभावीय पात्रको स्वरूप शीर्षकको यस लेखमा खण्डकाव्यकी मुख्य पात्र उर्वशीले देखाएका क्रियाकलापहरू जीवभावीय स्वरूपका हुन् भन्ने मान्यतालाई योग र वेदान्त दर्शनका जीवभावसँग सम्बन्धित मान्यतासँग सापेक्षित राखेर काव्यको विश्लेषण गर्ने सैद्धान्तिक आधार बनाइएको छ।

***योग दर्शनमा जीवभाव***

पतञ्जलिबाट प्रतिपादित योग दर्शनलाई पातञ्जलदर्शन पनि भनिन्छ । यस दर्शनको प्रामाणिक ग्रन्थ पतञ्जलिको योगसूत्र हो । यस दर्शनले चित्तलाई प्रवृत्त होइन निवृत्त मार्गमा लैजान प्रेरित गर्दछ । योगलाई साधनाका दृष्टिमा हेरिएको छ । शरीर र चेतनाको क्रिया नै योग हो । योगको साधनाले मानिसका जीवभावीय गुण चित्तवृत्ति एवम् प्रवृत्तिगत तृष्णालाई नाश गराउँछ भन्ने यस दर्शनको मान्यता रहेको छ । योगको अर्थ जोड्नु भए पनि यसलाई साधनाका दृष्टिबाट हेरिएको छ । वृत्तिको सर्वथा निरोध नै योग हो (यो.सू. १।२) । योग दर्शनमा आत्मालाई परमात्मामा लीन गराउन बनाइएको मार्ग (लोभ, वासना आदिको त्याग) बाट आत्माको शुद्ध पहिचान गर्न सक्नु योग हो भनेको पाइन्छ (सक्सेना, सन् २०१२, पृ. ८४) । मानिसको वास्तविक स्वरूप आत्मा जुन चेतनतत्व हो त्यसलाई अज्ञानताले गर्दा जडशरीर मान्दछ अनि यही नै दुःखको कारण बन्दछ । अज्ञानको निवृत्ति आत्माज्ञानबाट हुने र आत्मज्ञान योगसाधनाको माध्यमबाट मात्र प्राप्त हुने यस दर्शनको मान्यता रहेको पाइन्छ । दुःखको आत्यन्तिक निवृत्ति नै कैवल्य अथवा मोक्ष हो (शुक्ल, सन् १९९३, पृ. ७४) । यो अष्टाङ्गयोगको माध्यमबाट प्राप्त हुने उल्लेख छ । कैवल्य प्राप्तिका लागि

आठ प्रकारका योगसाधनाको आवश्यकता पर्ने उल्लेख छ । योगसाधनाबाटै अज्ञानता नाश भएर ज्ञान प्राप्त हुन्छ । योग दर्शनमा दुःखको मूल कारण क्लेशलाई मानिएको छ । यसले उक्त दुःखलाई नष्ट गर्नुपर्दछ भन्ने मान्यता राखेको पाइन्छ (यो.सू. १।१६) । योगसाधनामा गरिने क्रियायोगले यसलाई नाश गर्दछ भन्ने यस दर्शनको विश्वास रहेको देखिन्छ । अज्ञानले अविद्या, राग, द्वेष, अनात्मा, अपवित्र र दुःखको प्रादुर्भाव हुने कुरा यस दर्शनमा उल्लेख छ (यो.सू. २।५-८) । यो दर्शनले तीन प्रकारका दुःखका रूपमा परिणाम, ताप र संस्कारलाई लिएको छ । यिनैले गर्दा सत्व, रज र तमका बीचमा परस्पर विरोध हुने र विवेकीका लागि यी सबै दुःख हुन् भनिएको छ । अविद्याले मिथ्याज्ञान उत्पन्न गराउँदा मानिसको चित्त प्रवृत्त मार्गमा लाग्ने र मन चञ्चल भएर बन्धनमा पर्ने उल्लेख छ (आचार्य, २०५९, पृ. ११) । अविद्यालाई विपर्यज्ञान मान्दै यसले चित्तमा विकार आएर मानिस बन्धनमा पर्दछ भनिएको छ । अज्ञानताले आत्माको वास्तविक रूपलाई ढाकिदिन्छ । मानिसमा रहेका शरीर, इन्द्रिय, मन, बुद्धि, अहङ्कार, लोभ, मोह, घृणा, तिरष्कार, ईर्ष्या, चिन्ता, द्वेष, मभाव आदिजस्ता  देशकाल, कारण र भवबन्धन चित्तवृत्तिहरू जीवभावसँग सम्बन्धित पक्ष हुन् । चित्तको निरोध नभएसम्म्म आत्माको वास्तविक रूप देख्न सकिन्न । चित्तनिरोध नभै कैवल्यमा पुग्न सकिन्न र चित्तनिरोध हुन योगसाधना चाहिन्छ । योगसाधनाबाट आत्मज्ञान प्राप्त हुन्छ (दशोरा, सन् २०११, पृ. २१३) । जीवात्मा परमात्मामा लीन हुनका लागि कामना, वासना, आसक्ति आदिको त्याग हुनुपर्दछ । योगसाधनाले चित्तलाई स्थिर गराएर इन्द्रियलाई वशमा ल्याउँछ । जीवभाव प्रबल हुँदा आत्मा शरीर, इन्द्रिय, मन, बुद्धि, अहङ्कार, देशकाल, कारण, भवबन्धन, पापपुण्य, रोग, मृत्यु आदिसँगै रहेको भान हुन्छ । मानिसमा रहेका शरीर, इन्द्रिय, मन, बुद्धि, अहङ्कार, लोभ, मोह, घृणा, तिरष्कार, ईर्ष्या, चिन्ता, द्वैष, मभाव आदि भवबन्धनसँग सम्बन्धित चित्तवृत्तिहरू जीवभावसँग सम्बन्धित पक्ष हुन् भने यिनैको निरोध चित्तवृत्तिको निरोध हो ।

***वेदान्त दर्शनमा जीवभाव***

वेद र अन्त दुई शब्दको संयोजनबाट वेदान्त शब्दको निर्माण भएको हो ।  अविधात्मक रूपमा एउटा अर्थ भए पनि वेदान्त शब्दको अन्त शब्दलाई निचोडका अर्थमा लिइएको छ । वादरायणद्वारा प्रवर्तित वेदान्त दर्शनलाई अध्यात्मको शिरोमणि दर्शनका रूपमा मानेको पाइन्छ (दशोरा, सन् २०११, पृ. ३५१) । वेदको अन्तिम भाग वा शिरोभाग वेदान्त हो, जसको अर्थ विशिष्टज्ञान हुन्छ (वेदस्य वेदानां वा अन्तः वेदान्तः) भनेर वेदान्तको परिभाषा गरेको पाइन्छ (शुक्ल, सन् १९९३, पृ. २३८) । श्वेताश्वतरोपनिषद्मा वेदान्ते परमं गुह्यम् पुराकल्पे प्रचोदितम् भनेको हुँदा उपनिषद्हरूमा वेदान्त शब्दको प्रयोग भएको पाइन्छ (श्वेताश्वतरोपनिषद् ६।१२) । वेदको चरम सिद्धान्तको निदर्शन गरिएको हुनाले यसलाई वेदान्त दर्शन भनिएको कुरा उल्लेख भएको पाइन्छ (गोयन्दका, २०५८, पृ.३) । वेदका अध्यात्मसम्बन्धी दार्शनिक विचारहरूको सूत्रात्मक रूप नै वेदान्त दर्शन हो । यो ब्रह्ममा विश्वास गर्ने ब्रह्मवादी दर्शन हो । उपनिषद्, गीता र ब्रह्मसूत्रमा व्यक्त दार्शनिक विचारहरू वेदान्त दर्शनका आधार हुन् (द्विवेदी, सन् २००७, पृ. ५६) । यसमा वादरायणले केही मौलिक विचारहरूलाई थप गरी दर्शनको रूप प्रदान गरेको देखिन्छ । वेदका ज्ञानकाण्ड र कर्मकाण्डमध्ये यसमा ज्ञानकाण्डको विश्लेषण गरिएको छ । वेदान्त दर्शनको मूलग्रन्थ *ब्रह्मसूत्र* हो । यस ग्रन्थउपर धेरै भाष्यकारहरूले भाष्य लेखेका छन् र वेदान्तको व्याख्या गरेअनुरूप भिन्न-भिन्न सम्प्रदायको रूपमा प्रतिष्ठापित भएका छन् । तिनीहरूमध्ये शङ्कराचार्यद्वारा प्रतिपादित अद्वैत वेदान्त दर्शन पनि एक हो । वेदान्त दर्शनको सबैभन्दा पुरानो सम्प्रदाय अद्वैत वेदान्त दर्शनको प्रभाव र चिन्तनको व्यापकतालाई हेर्दा यो अन्य सम्प्रदायहरूका तुलनामा बढी प्रभावित रहेको पाइन्छ । वेदान्त दर्शन पनि अद्वैत वेदान्त दर्शनका मूल्यमान्यताहरूको सापेक्षतामा रहेको हुनाले यी दुवैका मूल्यमान्यताहरू समान देखिन्छन् । त्यसैले अद्वैत वेदान्त दर्शनका मान्यताहरू र वेदान्त दर्शनका मान्यताहरू पर्याय बनेको पाइन्छ । त्यसैले यहाँ अद्वैत वेदान्त दर्शनका जीवभावसँग  सम्बन्धित मान्यताहरू वेदान्त दर्शनका मान्यताका रूपमा चर्चा गरिएको छ ।

अद्वैतवादमा जीव, जगत्, माया, ब्रह्म, मोक्ष आदिका सन्दर्भमा गहन विश्लेषण गरिएको छ । शङ्कराचार्यले लेखेको भाष्य शारीरिकभाष्यमा ब्रह्म सत्य र जगत् मिथ्यालाई मूल विषयका रूपमा प्रस्तुत गरिएको छ । शङ्करले अगाडि सारेको एक मात्र तथा अन्तिम सत्य ब्रह्म हो र अरु सबै मिथ्या हुन् भन्ने

मत नै अद्वैतवाद हो (सिंह एवं सिंह, सन् २०१२, पृ. ४६७) । ब्रह्मज्ञान विना यस तथ्यलाई बोध गर्न नसकिने र यसका लागि आत्मज्ञान चाहिन्छ भनिएको छ । मोक्षका लागि ब्रह्मज्ञान आवश्यक रहेको भन्ने यस सम्प्रदायको मान्यता रहेको छ । वेदान्त दर्शनमा ब्रह्मलाई जगत्को उपादान कारणका(ब्रह्मसूत्र: १।४) साथै यसलाई विश्वब्रह्माण्डको सृष्टि, स्थिति र लयको कारण माने पनि अविद्याले गर्दा यो पारमार्थिक सत्य कुराबाट जीव विमुख हुने गर्दछ । जीवभावका कारण जीव भव बन्धनमा परेर दुःख पाउँछ भनिएको छ । भव बन्धनको कारण अज्ञान वा अविद्यालाई मानिएको छ । अज्ञानले मिथ्याज्ञान उत्पन्न गराउँदा जीवले आत्मा र ब्रह्मलाई भिन्न देख्न थाल्दछ । जीव बन्धनबाट मुक्त हुन नसक्नुको कारण ब्रह्मज्ञान नहुनु हो । जीवमा जीवभावीय अवस्था हुनु तथा दुःखको अवस्थाको कारण अविद्या नै हो भन्ने वेदान्त दर्शनको मान्यता रहेको छ । अविद्याले गर्दा जीव मायाको भ्रममा परेर सांसारिक विषयभोगको पछि लाग्दछ । यसले गर्दा जीव भौतिक सुख-सुविधातर्फ अथवा प्रवृत्त मार्गमा लाग्दछ र निवृत्त हुन सक्दैन । अध्यासले गर्दा जीव सांसारिक प्राणीका रूपमा शुभ वा अशुभ कर्म गर्दछ साथै सुखदुःखको अनुभव गर्दछ । ऐतरेयोपनिषद्मा अविद्याका कारण जीवमा मन, वचन र शरीरमा कामनारूप दोष उत्पन्न हुने कुरा उल्लेख छ (ईशादि नौ उपनिषद्, २०७०, पृ. ८१९) । यसले गर्दा जीव सांसारिक विषयवासनामा रमाउँछ । जीव भोक्ता हो । जीवले पाप र पुण्य गर्दछ र त्यसको फल भोग्दछ (सिन्हा, सन् १९९६, पृ. ९८) । जीव हुँ भन्ने भाव अविद्या वा बन्धन हो । जीव देहधारी हो र यो देहेन्द्रिय सुखका पछि लाग्दछ । भौतिक जीवनमा देहधारी जीव सारा जगत्माथि प्रभुत्व जमाउन चाहन्छ । ऊ काम प्रवृत्तिबाट अति प्रभावित हुन्छ । उसले इन्द्रिय तृप्तिको इच्छा राख्दछ (प्रभुपाद, सन् २०१६, पृ. १५०) । अविद्याले गर्दा जीव/मानिस आफ्नो कर्मका कारण जीवन-मरणको चक्रमा पर्दछ । यसरी यो दर्शनले दुःखको कारण कर्मलाई नै मानेको देखिन्छ ( सक्सेना, सन् २०१२, पृ. १३८) । मानिस सञ्चित, प्रारब्ध र सञ्चीयमान गरी तीन प्रकारका कर्मका कारण दुःखमा पर्ने र कर्मबन्धनमा पर्नुको कारण अज्ञान हो भन्ने वेदान्त दर्शनको मान्यता रहेको पाइन्छ । प्रस्तुत अध्ययनमा यिनै योग र वेदान्त दर्शनले अगाडि सारेका जीवभावसँग सम्बन्धित मान्यताका आधारमा *उर्वशी* खण्डकाव्यकी मुख्य पात्र उर्वशीमा देखिएको जीवभावीय स्वरूपको विश्लेषण गरिएको छ ।

**नतिजा र विमर्श**

नेपाली साहित्यको कविता विधामा फुटकरकवितादेखि खण्डकाव्यसम्मका काव्यकृति सृजना गरेका श्रेष्ठले *उर्वशी* खण्डकाव्य वि.सं. १९९७ सालमा सुरु गरी २०१७ मा पूरा गरेको पाइन्छ । प्रशिद्ध पौराणिक कथामा कल्पना र मौलिकतालाई संयोजन गरी तयार गरिएको यस खण्डकाव्यमा उर्वशी, अर्जुन, देवगण, दैत्यगण आदि पात्रहरू रहेका छन् । यिनीहरूमध्ये प्रमुख पात्र उर्वशी हुन् र उनी स्वर्गकी अप्सरा अनि यौवनले उन्मत्त रहेकी पात्र पनि हुन् । जीवभावीय कोणबाट हेर्दा उर्वशीमा प्रबल रूपमा जीवभाव प्रकट भएको देखिन्छ । यस अध्ययनमा उर्वशीमा देखिएको यही जीवभावीय चरित्रको स्वरूपलाई विस्तृत रूपमा चर्चा गरिएको छ ।

अठ्ठाइस वर्षे जवान अवस्थामा लेखन सररु गरी अड्चालीस वर्षको हुँदा दोस्रो खण्ड उपसंहारसहित पूरा गरिएको यस काव्यको पहिलो खण्ड आख्यात्मक र दोस्रो खण्ड कोषात्मक ढाँचामा प्रस्तुत गरिएको छ । यस खण्डकाव्यको विषयवस्तुको स्रोत संस्कृत भाषाको *महाभारत* महाकाव्य भए पनि यसमा कविले प्रशस्त मात्रामा मौलिकता मिसाएका छन् । दैत्यगणले स्वर्गपुरीमा भीषण आक्रमण गरेपछि देवगणको आग्रहमा अर्जुनले दैत्यगणहरूलाई पराजित गरेपछि स्वर्गमा विजयोत्सव आयोजना गरिएको छ । रूप, सौन्दर्य एवम् यौवनले सम्पन्न उर्वशीले अर्जुनलाई त्यहाँ देखेपछि आकर्षित हुन्छिन् । अर्जुनलाई देखेर उर्वशी यति मदहोस बन्छिन् कि आफ्नो गायन र नृत्यमा समेत भुल गर्दछिन् । उर्वशी अर्जुनको प्रेममा आसक्त बनेर व्याकुल बनी भोगातुर हुन्छिन् । यसले गर्दा उनी रातमा अर्जुनको शयनागारमा नग्न रूपमा उपस्थित हुन्छिन् । यसप्रकार उर्वशीमा जीवभावीय चरित्र प्रबल रूपमा प्रकट हुन्छर यसको स्वरूपलाई यस खण्डमा विश्लेषण गरिएको छ ।

दैत्यहरूलाई पराजित गरेपछि अर्जुनको सम्मानमा नन्दनवनमा एउटा भव्य समारोह आयोजन गरिन्छ । सम्मान समारोहमा उर्वशीले अजुर्नलाई देखेपछि उनमा जीवभाव प्रबल रूपमा प्रकट हुन्छ । रूप, सौन्दर्य, यौवन एवम् सकल दैहिक स्वरूपमा परिपूर्ण उर्वशीमा एकातिर अर्जुनप्रति चरम आसक्ति देखिन्छ

भने अर्कोतिर आफ्नो रूप र सौन्दर्यप्रति घमण्ड पनि प्रकट हुन्छ । आफूसँग रूप, यौवन एवम् दैहिक सौन्दर्यता भएर पनि खास पाउने कुरा नपाएको गुनासो उर्वशीले आफूमा गरेकी छिन् । यो दैहिक सम्पूर्णताले खास कुरा पाउन बाँकी नै रहेको भन्दै उर्वशीले दैहिक सुखभोगको भोक अर्जुनबाट मेटाउन चाहन्छिन् । आफूले यतिको साधना गरेर यो रूप र सौन्दर्य पाए पनि पाउनुपर्ने कुरा नपाएको भनेर उर्वशीले जीवभाव यसरी प्रकट गरेकी छिन् :

यी सब पाएँ, तर खोजेको
के पाएँ, त्यो खोइ ?
आज त्यही नै खोजी मेरो
अर्जुनलाई छोई । (श्रेष्ठ, २०४८, पृ. २३)

उर्वशी स्वर्गकी अप्सरा हुन् । स्वर्गमा इन्द्रलाई प्रसन्न तुल्याउनु उनको कार्य हो । विजयोत्सवमा अर्जुनलाई देखेपछि उर्वशीमा यौन भोगको चाहना प्रबल बनेर प्रकट हुन्छ । उनमा चरम भोगको आवेग उत्पन्न भएको छ । जीवमा चित्तवृत्ति प्रबल रहन्छ (सांकृत्यायन, सन् १९९२, पृ. ६५०) । योग दर्शनले अगाडि सारेको यही चित्तवृत्तिको अवस्था यहाँ उर्वशीमा देखिएको छ । यो जीवभावीय चरित्र उर्वशीले प्रकट गरेकी छिन् । उनले यी सबै भएर पनि मैले वास्तवमा के पाएँ भनेर प्रश्न गरेकी छिन् । यसको जवाफ उनले अर्जुनबाट पाउन खोजेकी छिन् । रूप सौन्दर्यमा परिपुष्ट भए पनि आफूले खोजेको दैहिक भोग अर्जुनबाट प्राप्त गर्न उर्वशीमा लालसा जागृत भएको छ । उर्वशीले दैहिक रूपमा सबै पूर्ण भए पनि मैले के पाएँ ? त्यो खोइ ? भनेर जुन प्रश्न गरेकी छिन् त्यो जीवभावीय विषय हो । काव्यमा उनमा यौन भोगको जुन चञ्चलता देखिएको छ त्यो जीवभावगत स्वरूप हो । उनमा देखिएको यौन उद्वेग नै चित्तवृत्ति हो । आफूले सबै पाएर पनि अपूर्ण देख्नु पछाडि कुनै कैवल्य वा मोक्षप्रतिको मोह होइन । उनमा रहेको जीवचेतले यौन भोगप्रति मोहित गराएको हो । वेदान्त दर्शनमा स्वप्न, सुषुप्ति, जागृत र मूर्च्छा जीवमा रहेका अवस्था हुन् भनिएको छ (सांकृत्यायन, सन् १९९२, पृ. ६७९) । यस आधारमा अध्ययन गर्दा उर्वशीमा जीवभावीय कृत्य प्रकट भएको अवस्थालाई सहजै निर्क्यौल गर्न सकिन्छ । उर्वशीले अर्जुनबाट यौनानन्द लिन चाहेकी छिन् । यही नै उनको परम लक्ष्य देखिएको छ । यस प्रकृतिको स्वरूपलाई मूल्याङ्कन गर्दा योग र वेदान्त दर्शनले औँल्याएका जीवका कृत्यगत चरित्रसँग मेल खाएको देखिन्छ ।

उर्वशीमा यौन भोगको चाह तीव्र रूपमा प्रकट भएको छ । उनी अर्जुनलाई प्राप्त गर्न आतुर भएकी छिन् । कतिबेला अर्जुनलाई एकान्तमा भेटेर आलिङ्गनमा बाँधिन पाइएला भन्ने व्यग्रता उनमा देखिएको छ । उनी अर्जुनलाई छुन चाहन्छिन् । यो यौनिक व्यग्रताको कारण उनमा रहेको भेदबुद्धि नै हो । जीवमा रहने भेदभावले गर्दा जीव भौतिक सुखसुविधामा केन्द्रित हुन्छ । वास्तवमा जीव द्वैतबुद्धि भएको जीवधारी हो (शर्मा, सन् २०१०, पृ. २५४) । उर्वशीमा देखिएको आफ्नो दैहिक रूप सौन्दर्यप्रतिको अहङ्कारको कारण यही द्वैतबुद्धि हो । यतिले मात्र उनी सन्तुष्ट नभएको देख्दा कतै उर्वशीमा तत्वज्ञानप्रतिको मोह हो कि भन्ने लाग्छ तर त्यो यहाँ छैन । उनमा त यौनासक्तता प्रबल छ । यसैमा तृप्त हुने विषय नै उनका लागि परमानन्द हो । यस प्रकारको अविद्याचेत उर्वशीमा स्पष्ट रूपमा देखिएको छ । यस प्रकारको यौनासक्तताको प्रकटीकृत स्वरूप खण्डकाव्यमा उर्वशीमार्फत यसरी व्यक्त भएको छ :

भित्र हृदयमा प्रेम छचल्की
गर्छ मलाई आह्वान,
आज मलाई निम्तो मेरो
गर्न स्वतन्त्र उडान ।
अर्जुनकाँ गै चुम्बन गर्ने
जीवन सार्थक पार्ने,
बोझ बिसाई स्वप्न फुकाई
के पो आज म नहुने ! (२०४८, पृ. २४)

उर्वशीमा भोगको चाह असामान्य रूपमा प्रकट भएको छ । जीव विषयभोगका पछि त्यतिबेलासम्म दौडिन्छ जतिबेलासम्म उसमा ज्ञान रहन्न । यसलाई वेदान्त दर्शनमा सुषुप्ति अवस्था भनिएको छ (सांकृत्यायन, सन् १९९२, पृ. ६७९) । यही अज्ञानले गर्दा उर्वशीका लागि जीवनको सार्थकता यौनतृप्तिमा केन्द्रित भएको

छ । आफ्नो सौन्दर्यताको अन्तिम प्राप्ति भने कै भोगविलास हो भन्ने उनको बुझाइ छ । उर्वशीले आफ्नो इन्द्रियलाई नियन्त्रण गर्न सकेकी छैनन् । देहेन्द्रिय सुखप्रतिको चाह अविद्याको परिणाम हो । जीवमा जीवभाव प्रबल हुँदा जीवले दैहिक सुखका लागि मरिहत्ते गर्दछ । योग दर्शनमा क्षिप्त चित्तमा रजोगुण अधिक हुन्छ भनिएको छ (शर्मा, सन् २०१०, पृ. १६०) । उर्वशीमा देखिएको यो चञ्चलताको कारण नै चित्तवृत्ति हो । उर्वशीमा देखिएको यो अत्यन्तै चञ्चल र विषयोन्मुख आसक्तपन भनेकै क्षिप्त चित्त हो । उनमा रहेको भोकलाई तृप्ति गर्ने माध्यमका रूपमा उनले अर्जुनसँगको सहवासलाई मानेकी छिन् । उर्वशीका रहेको यो विषयातुर भाव भनेकै रजोभाव हो । यसले उनलाई कामातुर बनाइदिएको छ । उनी अर्जुनलाई चुम्बन गरेर आफ्नो जीवन सार्थक बनाउन चाहन्छिन् । उनले यो बोझ बिसाउन के हुन्छ र भनेर स्पष्ट चाहना प्रकट गरेकी छिन् । उर्वशीले अर्जुनसँग सहवास गरेर चरम सुकुन लिन चाहन्छिन् । आफ्नो यौनभोक मेटाउनका लागि उनी आतुर छिन् । प्यास मेटाउनका लागि जुन आवेग उनमा देखिएको छ त्यो आवेग जीवभावीय चरित्रको व्यग्र स्वरूप हो ।

यस खण्डकाव्यकी प्रमुख पात्र उर्वशीमा द्वैतभाव प्रबल रहेको पाइन्छ । अविद्याबाट उत्पन्न हुने यो द्वैतबुद्धिले उर्वशीमा विषयप्रतिको आसक्तता बढाएको छ । उर्वशीमा रहेको विषयमोहले गर्दा उनी अर्जुनको शायनकक्षमा नग्न अवस्थामा पुगेकी छिन् । अज्ञान यस्तो विषय हो यसले जीवलाई अवास्तविकलाई वास्तविक जस्तै बनाइदिन्छ । यसले गर्दा जीवले सांसारिक सुख सुविधालाई शाश्वत सुख मान्दछ । तत्वज्ञान विमुखताले गर्दा जीवले जगत्मा जीवन भोगाइ भिन्नभिन्न रूपमा भोग्नुपर्दछ । यही अवस्था उर्वशीमा देखिन्छ । उनीले दैहिक जीवनको सुखका निम्ति अनेक कृत्य गरेरहेकी छिन् । अर्जुनको शयनकक्षमा नग्न अवस्था पुग्नुको कारण नै यही हो ।

सुस्त कदमले, टुकटुक मनले
उर्वशी पस्छिन् भित्र,
चित्रकारको सजग स्वकरले
रचित सजीव सुचित्र !
नजर उठाई अलिकति हेर्छिन्,
रुक्छिन्, बढ्छिन्, खुम्चिन्छिन्,
निद्रित जानी साहस झिक्छिन् । (२०४८, पृ. ३३)

जीवमा लोभ, मोह, अलङ्कार, ईर्ष्या, डाहा, डर, भय, घृणा, द्वेशजस्ता भावहरू रहेका हुन्छन् । जीवले शरीर तथा इन्द्रियमाथि शासन गर्दछ र कर्मको फलमा पनि जीवकै सम्बन्ध रहेको हुन्छ (राधाकृष्णन्, सन् २०१२, भाग-२, पृ. ५९६) । वेदान्त दर्शनमा यसरी जीवका कृत्यगत स्वरूपको चर्चा गरिएको छ । जीवका सांसारिक व्यवहार भनेकै यस्तै हुन्छन् । जीवले आफ्नो चाहना पूर्ति गर्न अनेकन हर्कत देखाउँछ । उर्वशीले यहाँ यस किसिमको व्यवहार देखाएकी छिन् । पतञ्जलिले भौतिक शरीर, सक्रिय इच्छाशक्ति र स्मरणशक्ति मनमा हुन्छ भनेका छन् (राधाकृष्णन्, सन् २०१२, भाग-२, पृ. ३३२) । जबसम्म जीवले मनलाई नियन्त्रण गर्न सक्दैन तबसम्म जीव मनोचित कार्य गर्दै जान्छ । यहाँ उर्वशीले त्यही गरेकी छिन् जुन उनलाई सही लागेको छ । यही नै जीवभाव हो । नग्न रूपमा शयन कक्षमा छिरेकी उर्वशी डराएकी छिन् र रोकिँदै विस्तारविस्तार अर्जुनतिर बढेकी छिन् । जब पलङमा अर्जुनलाई निदाएको देख्छिन् तब ढुक्क हुन्छिन् । यौनासक्तताले उनलाई यति मदहोस बनाइदिएको छ कि नाङ्गै कोठामा पुगेकी छिन् । कोठामा नाङ्गै पुग्ने साहस भित्र पुगेपछि डरमा परिणत भएको छ । अर्जुनले आँखाले नहेरेसम्म उर्वशी आफूलाई अर्जुनले नदेख्ने कुरामा ढुक्क छिन् । तर निद्रामा अर्जुनलाई पाउँदा ढुक्क हुनु सांसारिकता हो । सांसारिक जीवन भोगाइमा यस प्रकारका कृत्य र भ्रम देखिइरहन्छन् । आफ्नो नग्न देह अर्जुनलाई सुम्पेर आफू यौन समागममा समाहित हुन उनी उत्सुक छिन् । उर्वशीमा जुन डर र त्रास अनि साहस र सन्तुष्टि देखिएको छ त्यो जीवभावीय स्वरूप हो ।

उर्वशी अत्यन्तै सुन्दर छिन् । दैहिक रूप सौन्दर्यमा उनलाई खोट लगाउने कुनै ठाउँ छैन । उनी आफूमा रहेको दिव्य सौन्दर्यप्रति दृढ विश्वास छ । यही विश्वासका कारण अर्जुन आफूप्रति सहजै आर्कषित हुन्छन् भन्ने उनलाई लागेको छ । आफूमा रहेको दैहिक भोक मेटाउनका निम्ति उनी आफूलाई अर्जुनसामु पस्केकी छिन् । आफू अर्जुनबाट भोगिन आतुर छिन् । यस प्रकारको चाहना र विश्वास अनि घमण्ड जीवमा

रहनुको कारण द्वैतभाव हो र द्वैतभावको कारण अज्ञान हो । यसले मानिसलाई भ्रमित पारिदिन्छ । व्यक्तिको मनलाई विचलित गराइदिन्छ । उर्वशीलाई यसरी भ्रमित पार्ने काम अविद्याले गरेको देखिन्छ । योग दर्शनमा क्लेश पाँच प्रकारको मानिएको छ र त्यसमा एक राग पनि रहेको छ (शर्मा, सन् २०१०, पृ. १६०) । यही राग उर्वशीमा पाइन्छ । रागले उर्वशीको व्यवहारमा सृजना गरेका कृत्यहरूको अवस्था यस्तो रहेको छ :

> छोऊँ छोऊँ मन अति हुन्छ
> तर छुन साहस हुन्न,
> चुमूँ चुमूँ कति मनमा हुन्छ
> तर उसै चुम्न सकिन्न ।
> जतिजति हेर्छिन् उतिउति हेर्न
> बढ्दछ मनमा इच्छा,
> चिर रोगीले हेर्दछ जसरी
> मृतसञ्जीवनी-गुच्छा । (२०४८, पृ. ३४)

जीवले दैहिक सुखमा विश्वास गर्दछ । सांसारिक सुख क्षणिक हो भन्ने कुरा देहधारी जीवलाई थाहा हुँदैन । यथार्थविमुख जीवले असत्यलाई सत्य मान्दछ (गिरी, २०५५, पृ. ५६) । अज्ञानवश ऊ यसरी सांसारिक बन्धनमा बाँधिएको छ कि सुख र शान्ति भौतिक कुराबाट मात्र प्राप्त हुन्छ भन्ने कुरामा विश्वास गर्दछ । यहाँ उर्वशीमा रागभाव मात्रै अत्यधिक रूपमा प्रकट भएको देखिन्छ । नग्नावस्थामा शयनकक्षमा पुगेर उर्वशीले अर्जुनलाई छुन खाजेकी छिन् । अर्जुन निदाइरहेका छन् । एकातिर अर्जुनलाई छुनका लागि उनको मन आतुर छ भने अर्कोतिर भित्रभित्रै डर लागिरहेको छ । अर्जुनको अँगालोमा बेरिएर दैहिकानन्द लिन उर्वशी आतुर छिन् । चुम्न मन लागेको छ तर उनले चुम्न सकेकी छैनन् । एउटा मनले चुम्न खोजेको छ भने तत्कालै अर्को मनले रोकिराखेको छ । द्वैतमनका कारण उर्वशीमा यस्तो परिस्थिति उत्पन्न भएको हो । जबसम्म जीवमा अविद्या रहिरहन्छ तबसम्म जीव यस प्रकारको अन्यौल र द्विविधामा परिरहन्छ । उर्वशीमा उत्पन्न तीव्र भोगको शमनप्रतिको इच्छा यहाँ प्रकट भएको देखिएको छ । व्यक्ति जीव आफूआफैमा अन्यौलमा त्यतिबेलासम्म रहन्छ, जतिबेलासम्म उसमा तत्वज्ञान हुँदैन । योग र वेदान्त दर्शनमा अविद्याको कारण जीव यसप्रकारको अन्यौलमा परिरहन्छ भनेको पाइन्छ । उर्वशीमा रागभाव मुख्य रूपमा देखिनुको कारण अविद्या हो । अविद्या निवृत्ति नभएसम्म यो रागभाव जीवमा प्रबल भएर रहन्छ (शर्मा, सन् २०१०, पृ. १६०) । उर्वशीमा रागभाव प्रबल हुनाको कारण नै चित्तवृत्ति हो । विषयसुख प्रतिको तृष्णा नै राग हो । इन्द्रियलाई भोगाएर मात्र देहले सुख पाउँछ भन्ने उर्वशीमा रहेको छ । रजो अनुभूतिमा नै चरम आनन्द छ भन्ने उर्वशीको धारणा एवम् विश्वास छ । त्यसैले उनले एकोहोरो अर्जुनलाई तृप्त हुने गरी हेरिरहेकी छिन् तर जति हेरे पनि उनी अघाएकी छैनन् । उनको हेराइ एउटा चिर रोगीले मृतसञ्जीवनीलाई जसरी हेरिरहन्छ त्यसरी नै हेरेको लाग्दछ । यस प्रकारको कृत्य तत्वज्ञानीले देखाउँदैनन् तर उर्वशीमा भने यो व्यापक रूपमा देखिएको छ । यही नै योग र वेदान्त दर्शनले औँल्याएको जीवभावीय पात्रको स्वरूप हो । यसरी हेर्दा इन्द्रिय भोगसँग जोडिएको विषय योग दर्शनको चित्तवृत्तिसँग सम्बन्धित छ भने अविद्यासँग सम्बन्धित विषय वेदान्त दर्शनको जीवभावसँग सम्बन्धित रहेको देखिन्छ ।

## निष्कर्ष

*उर्वशी* खण्डकाव्य महाभारत महाकाव्यको वनपर्वको अर्जुन र उर्वशीको आख्यान श्रृङ्खलामा आधारित पौराणिक विषयसापेक्ष कृति हो । यस खण्डकाव्यमा उर्वशीमा देखिएको रागभावलाई योग र वेदान्त दर्शनको जीवभावसँग सम्बन्धित चिन्तनसँग सापेक्षित गराएर यस अध्ययनमा विश्लेषण गरिएको छ । दैत्यलाई पराजित गरेका अर्जुनको सम्मानमा आयोजित समारोहमा अर्जुनलाई देखेपछि उर्वशीमा रागभाव उत्पन्न भई उनले जीवभावीय कृत्यहरू देखाएका छन् । उनमा अत्यन्तै चञ्चल र विषयोन्मुख आसक्तता देखिएको छ भने आफ्नो दैहिकभोकलाई तृप्ति गर्ने माध्यमका रूपमा अर्जुनसँगको सहवासलाई मानेकी छिन् । उर्वशीमा रहेको यो विषयातुर भाव भनेकै रजोभाव हो । उर्वशीले देहेन्द्रियलाई नियन्त्रण गर्न सकेकी छैनन् । विषयभोगप्रतिको आसक्ति र त्यसलाई प्राप्त गर्न अर्जुनको शयनकक्षमा नग्न रूपमा पुगेकी छिन् । अर्जुनले देखेकी भनेर हेर्नु, निदाएको देखेर ढुक्क हुनु अनि फेरि अर्जुनसँग समागम गर्न खोज्नु

उर्वशीमा देखिएका जीवभावीय चरित्र हुन् । जीवभावले गर्दा नै उर्वशीले आफ्नो सौन्दर्यप्रति दृढ विश्वास गरेकी छिन् भने अर्जुन आफूप्रति सहजै आर्कषित हुन्छन् भनेर ढुक्क भएकी छिन् । आफूमा रहेको दैहिक भोक मेटाउनका निम्ति आफूलाई अर्जुनसामु पस्केकी छिन् । उर्वशी इन्द्रियलाई भोगाएर चरम सुख प्राप्त हुने कुरामा विश्वस्त छिन् । इन्द्रिय भोगेर विजयी हुनु पर्दछ र यसबाट भाग्नु हुन्न भन्ने उर्वशीको धारणा विषयसुखप्रतिको आसक्तता हो । यो नै चित्तवृत्ति हो । यसरी उर्वशीमा देखिएको चित्तवृत्ति र सांसारिक विषयप्रतिको मोह योग र वेदान्त दर्शनका जीवचेतसँग सम्बन्धित विषय हुन् भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

**स्वार्थको द्वन्द्व**

*यो लेखकसंग कुनै प्रकारको स्वार्थको द्वन्द्व छैन ।*

**कृतज्ञता ज्ञापन**

*प्रस्तुत लेख अनुसन्धान तथा आविष्कार केन्द्र, त्रि.वि. पृथ्वीनारायण क्याम्पस पोखराद्वारा सन् २०२४ मा प्रदान गरिएको अनुसन्धान अनुदान प्राप्त गरी सम्पन्न गरिएको अनुसन्धान प्रतिवेदनको आधारमा तयार पारिएको हो । संलग्न पदाधिकारी तथा सदस्यज्यूहरूप्रति आभारी छु । साथै लेख पढी उपयुक्त सुझाव दिएर यसलाई परिमार्जन गर्न सहयोग पुऱ्याउने विषय विज्ञज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।*

**सन्दर्भ सामग्रीहरू**

आचार्य, श्रीराम शर्मा (सम्पा.) (२०५९), *साङ्ख्य एवं योग दर्शन,* ब्रह्मवर्चस् शान्तिकुञ्ज ।

*ईशादि नौ उपनिषद्* (२०७०), शाङ्करभाष्यार्थ (१०औं संस्क.), गीताप्रेस ।

गिरी, स्वामी रामानन्द (२०५५), *जनक दर्शन,* तिमिल्सिना, रामहरि (अनु.), जनक शिक्षा सामग्री केन्द्र ।

गोयन्दका, हरिकृष्णदास (अनु.) (२०५८), *वेदान्त दर्शन (ब्रह्मसूत्र),* गीताप्रेस ।

ढकाल, बोधराज, घिमिरे, ईश्वर र सुवेदी, ज्ञानेश्वर (२०८१), *उर्वशी खण्डकाव्यमा जीवभावीय द्वन्द्व र मुक्तावस्था,* अप्रकाशित लघुअनुसन्धान पत्र, पृथ्वीनारयण क्याम्पस, अनुसन्धान तथा नवप्रवर्तन केन्द्र ।

दशोरा, नन्दलाल (अनु.) (सन् २०११), *हिन्दू धर्म के छ : शास्त्र, षट् दर्शनम्,* रणधीर प्रकाशन ।

द्विवेदी, ठाकुरप्रसाद (सम्पा.) (सन् २००७), *योगवशिष्ट* (भाग-२), चौखम्बा संस्कृत प्रतिष्ठान ।

प्रभुपाद, श्री श्रीमद् ए.सी. भक्ति वेदान्त स्वामी (सन् २०१६), *श्रीमद्भगवद्गीता यथारूप,* वादरायणदास (अनु.), भक्तिवेदान्त बुक ट्रस्ट ।

राधाकृष्णन्, सर्वपल्लि (सन् २०१२), *भारतीय दर्शन,* (भाग-२), शोभित, नन्दकिशोर (अनु.), राजपाल एन्ड सन्ज ।

शर्मा, चन्द्रधर (सन् २०१०), *भारतीय दर्शन आलोचना और अनुशीलन* (द्वितीय संस्क.), मोतीलाल बनारसीदास ।

शुक्ल, दीनानाथ (सम्पा.) (सन् १९९३), *भारतीय दर्शन परिभाषा कोश,* प्रतिभा प्रकाशन ।

श्रेष्ठ, सिद्धिचरण (२०४८), *उर्वशी* (छैठौं संस्क.), साझा प्रकाशन ।

*श्वेताश्वेत्तरोपनिषद्* (अनु.)(२०७३) शाङ्करभाष्य (एक्काइसौँ संस्क.), गीताप्रेस ।

सक्सेना, प्रवेश (सन् २०१२), *भारतीय दर्शनों में क्या है ?,* हिन्दू लजी बुक ।

सांकृत्यायन, राहुल (सन् १९९२), *दर्शन दिग्दर्शन* (दोस्रो संस्क.), किताब महल ।

सिंह, केदारनाथ र सिंह, शशिभूषण (सन् २०१२), *भारतीय दर्शन,* ज्ञानदा प्रकाशन ।

सिन्हा, हरेन्द्रप्रसाद (सन् १९९६), *भारतीय दर्शन की रूपरेखा* (पञ्चम संस्क.), प्रतिभा प्रकाशन ।